गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी
पश्चिम प्रदेश, नेपाल
२०७३

मिति २०७७।११।२२ गते बसेको ७६ औं नगर कार्यपालिकाको बैठकका निर्णयहरु:

निर्णय नं. १ यस गैंडाकोट नगरपालिका कार्यालय अन्तर्गत विगत देखि कार्यरत करार / ज्यालादारी कर्मचारीहरुका विषयमा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८३ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३९३ मिति २०७७।१०।९ को पत्र र अन्य प्रचलित कानून बमोजिम यस नगरपालिका कार्यालय र वडा कार्यालयको कार्यबोझ र आवश्यकताको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आवश्यक पर्ने दरबन्दी संरचना पुनरावलोकन गरी आगामी नगर सभाबाट स्वीकृत गरी सोको आधारमा रिक्त पदहरुको पदको प्रकृति अनुसार प्रचलित कानून बमोजिम पदपूर्ति गर्ने।

हालसम्म कार्यरत स्वीकृत दरबन्दी भन्दा बाहिर रहेका समेत करार / ज्यालादारीमा कार्यरत पेश भए बमोजिमका १४ जना कर्मचारीहरुको कार्यरत रहेको तर म्याद थप नभएको अवधी २०७७ माघ र फागुन महिनाको मात्र सेवा करार अवधि थप गरी साविक बमोजिमको पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. २ मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) बाट माग भई आए अनुसार उक्त कार्यालयको परिसरमा निर्माण हुने लागेको सेवाग्रही प्रतिक्षालयका लागि रु. ३ लाख ५० हजार दिने निर्णय गरियो।

निर्णय नं. ३ गैंडाकोट वडा नं. ६ स्थित विद्यापिठ नमूना बोटेटोल सडक पिच गर्ने प्रयोजनका लागि फोहोर मैला व्यवस्थापन शिर्षकबाट रु २० लाख र लागत सहभागीता शिर्षकबाट ५१ लाख ३४ हजार खर्च गर्ने निर्णय गरियो।

निर्णय नं. ४ नेपाल सरकारको कार्यक्रम अन्तर्गत राष्ट्रिय परिचयपत्रको फारम भर्ने कार्यका लागि राष्ट्रिय पञ्जिकरण विभागबाट खटिएका कर्मचारी मार्फत गैंडाकोट नगरपालिकामा सबै वडामा विभिन्न मितिमा सञ्चालन भई सम्पन्न भएको र उक्त कार्यमा खटिएका कर्मचारी र स्वयंसेवकहरुलाई वडा कार्यालय मार्फत चिया खाजाको व्यवस्था गरिएको र उक्त खर्च वडाहरुबाट बिल भरपाई सहित भुक्तानी माग भई आए अनुसार उपयुक्त शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. ५ गैंडाकोट नगरपालिकाको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विवरण र तथ्याङ्क संकलन तथा व्यवस्थापन र कार्यालय सञ्चालन प्रयोजनका लागि नगरपालिका कार्यालयका तर्फबाट आवश्यक पर्ने कर्मचारी खटाउने, रुजु गर्ने कर्मचारी सम्बन्धित वडाको वडा सचिवलाई नै तोक्ने र उक्त कार्य गर्न खट्टिएका कर्मचारीहरुलाई उक्त समय अवधिको शुरु तलब स्केलको ३० प्रतिशतका दरले हुन आउने रकम बराबर भत्ता उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ६ स्थानीय सरकार सञ्चालन ऐन,२०७४ परिच्छेद-३ दफा ११ , ध (१) बमोजिम स्थानीय तहलाई स्थानीय खानेपानी सम्बन्धी निति,कानून, मापदण्ड, योजना कार्यान्वयन र नियमन गर्ने अधिकार नगरपालिकामा निहित रहेको र हाल त्यस्ता प्रकारका संस्थाहरुलाई नियमन गर्न नगर कार्यपालिकाबाट कुनै कानून जारी नभएको अवस्थामा यस नगर क्षेत्र भित्र सञ्चालित खानेपानी तथा सरसफाइ संस्थाहरुको विधान लेखन तथा संशोधन लगायतका कार्यहरु नगर कार्यपालिकाले आवश्यक कानून जारी नगर्दासम्म विधान लेखन तथा संशोधन जस्ता कार्यहरु स्वीकृत गर्ने अधिकार नगर प्रमुखमा रहने निर्णय गरियो।

२०७७।९।२२

छत्रराज पौडेल
नगर प्रमुख

विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

विष्णु कुमारी कंडेल
नगर उप-प्रमुख

Scanned with CamScanner

गैंडाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय गैंडाकोट, नवलपरासी गण्डकी प्रदेश, नेपाल २०७३

निर्णय नं. ७ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट आव्हान गरिएको सूचना बमोजिम कोभिड-१९ बिरुद्धको खोप कार्यक्रमलाई लक्षित वर्ग, समुदायमा यहि मिति २०७७ फागुन २३ गते देखि सञ्चालन हुने हुँदा उक्त खोप कार्यक्रमलाई यस नगरपालिका क्षेत्र भित्रका सरोकारवाला सबै, वडा कार्यालय, संघ संस्था, टोल विकास संस्थाहरुलाई आ-आफ्नो स्थानबाट प्रचारप्रसार गरि उक्त कार्यक्रमलाई सफल पार्न अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ गैंडाकोट नगरपालिका वडा नं. ८ विजय चोक देखि कालिका चोक सम्मको सडकलाई स्तरोउन्नति गर्न सडक बोर्ड नेपालको वजेटमा नपुग रकम लागत सहभागीताका शिर्षकबाट रु. १० लाख खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ स्वास्थ्य सेवा तर्फका वडा नं. ३ र १८ मा खटाईएका करार सेवाका कर्मचारीहरुलाई प्रचलित स्केल अनुसार २०७७ चैत्र १ देखि पारिश्रमिक सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १० गैंडाकोट नगरपालिका र रोटरी क्लबको साझेदारीमा गैंडाकोट वडा नं. ३ को भुजेल गाँउमा निर्माणधिन शौचालयका लागि नगरपालिकाको प्राविधिक कर्मचारीबाट मूल्याङकन गरि रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ११ धार्मिक सेवा समिति मौलाकालिका मन्दिरबाट माग भए अनुसार मन्दिर जाने सडकको दायाँ बायाँ ललितकला प्रज्ञाप्रतिष्ठानका चित्रकारहरुद्वारा मूर्तिकला निर्माणमा सहयोग वापत लागि रु. २ लाख आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १२

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस आ.व २०७७/०७८का लागि विनियोजित बजेट रु.१,१०,३५,०००।- को वडागत बेरोजगार संख्याको आधारमा देहाय बमोजिम बाँडफाँड गरी तोकिएका योजनाहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

वडा नं	बेरोजगार संख्या	रकम रु.	वडा नं	बेरोजगार संख्या	रकम रु.
१	३१	५५००००	१०	२८	४४१०००
२	१९	३३१०००	११	१८	३३१०००
३	१२७	१९८६०००	१२	४३	६६२०००
४	७६	११०००००	१३	६	११००००
५	२२	३३१०००	१४	६२	९९३०००
६	१०६	१५४४०००	१५	२७	४४१०००
७	२२	३३१०००	१६	०	०
८	१४	२२००००	१७	१२	२२००००
९	२०	३३१०००	१८	७७	१११३०००

2061/4/22

विष्णु प्रसाद गुप्ताल
प्रमुख प्रशासकीय अधिकृत

विष्णु पुण्य गौतम
नगर उप-प्रमुख

छत्रराज पौडेल
नगर प्रमुख

Scanned with CamScanner

निर्णय नं .१३ गैडाकोट नगरपालिका र अन्तर्गत विभिन्न वडा समितिबाट निर्णय भई आए बमोजिमका आ.व.२०७७/०७८ सम्मका योजनाहरुलाई विभिन्न कारणले साविक योजना असान्दर्भिक भएका वा अन्य निकायबाट श्रोतबाट सम्बोधन भएका वा तत्काल नयाँ काम गर्न अत्यावश्यक भएका देहायका योजनाहरुलाई वडा समितिको सिफारिसमा संशोधन/ परिमार्जन गर्ने निर्णय गरियो।

वार्ड नं		साबिक		रकमान्तरित रकम	संसोधित/नयाँ		हालको बजेट	कारण
		योजना	रकम		योजनाहरु	रकम		
३	१	व्यवसायिक पशुपालन प्रोत्साहन २०७६–७७	100000	100000	एक्लेटार देखी रुप बहादुर सुनारी को घर सम्मको बाटो ग्राबल	0	100000	वडाको सिफारिस अनुसार
	२	महिला समूह आत्मनिर्भर हेतु व्यवसायिक सिप बिकास तालिम तथा टपरी उघोग सञ्चालन(२०७६–७७)	200000	200000	ढोडेनी चोक बजार देखी चौपारी सम्मको बाटोमा माटो उकास	0	200000	वडाको सिफारिस अनुसार
	३	कोभिड १९ रोकथाम तथा सचेतना(२०७७–७८)	300000	300000	कोलडाँडा निर्माण	0	300000	वडाको सिफारिस अनुसार
६	१	कालिका चोक देखी सम्सानघाट सम्म वृक्षारोपण (प्रधानमन्त्रि रोजगार कार्यक्रम)	500000	500000	रामेश्वर सम्सानघाट क्षेत्रमा तटबन्धन	0	500000	वडाको सिफारिस अनुसार
७	१	गोपालको घरदेखी माधवको घरसम्म ग्राबल (२०७६–७७)	150000	150000	माधवको घरदेखी सोमलालको घरसम्म ग्राबल गर्ने	0	150000	वडाको सिफारिस अनुसार
	२	बिबिध तथा भैपरी २०७६–७७	200000	200000	पिपलटार टोल बिकास संस्था अन्तरगत कृषि भवन निर्माण	0	200000	वडाको सिफारिस अनुसार
	३	बि पि अन्तराष्ट्रिय खेलग्राम डि पि आर २०७६–७७	3508224	1850000	बि पि अन्तराष्ट्रिय खेलग्राम तारजाली	0	1850000	वडाको सिफारिस अनसार
८	१	आदिकवि भानुभक्त टोल अन्गरगतका २ वटा बाटाहरु ग्राबल (आ.व.०७७/७८)	288500	288500	बालकृष्ण अधिकारिको घरबाट कौशिला आचार्यको घरसम्म जाने बाटोमा मौजाइक टाइल लगाउने	0	200000	वडाको सिफारिस अनुसार

२०७७/९/१

विष्णु कुमारी कडेल
नगर उप-प्रमुख

गैडाकोट नगरपालिका
नगर प्रमुख

१७	१	३ वटा डिप बोरिंग निर्माण (आ.व.०७७/७८को बजेट)	300000	1434977	धर्मभक्त देखी अमरज्योती मा.वि. हुदै झरहि खोला सम्म बाटो कालोपत्रे	3850000	5284977	वडाको सिफारिस अनुसार
	२	३ वटा ईनार निर्माण (आ.व.०७७/७८को बजेट)	400000					वडाको सिफारिस अनुसार
	३	त्रिपरेश्वर मन्दिरमा वृक्षारोपण आ.व. ०७६/७७ को बजेट	134977					वडाको सिफारिस अनुसार
	४	सामुदायिक गाई, बाख्रा, मौरी पालन व्यवस्थापन तालिम (आ.व. ०७५७६को बजेट)	100000					वडाको सिफारिस अनुसार
	५	वडा भित्रका आवश्यक ठाँउमा वाटो ग्रावेल (आ.व.०७७/७८को बजेट)	500000					वडाको सिफारिस अनुसार

२०७६।१२।१९।२२

विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

विष्णु कुमारी कँडेल
नगर उप-प्रमुख

छत्रराज पौडेल
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
बिरेन्द्रनगर, नवलपरासी
लुम्बिनी प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner